# तरकारी बाली विकास केन्द्रमा प्राङ्गारिक तरकारी खेती प्रवर्द्धनका लागि आ.व. २०७५/७६ मा भएका प्रयासहरूबारे जानकारीमूलक प्रकाशन




प्रकाशक

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्र


**तरकारी बाली विकास केन्द्र**

खुमलटार, ललितपुर । फोन : ०१ – ५५२३१४१

# परिचय

नेपाल सरकार कृषि विकास मन्त्रालय,कृषि विभाग मातहत रहेको यस केन्द्र २०४४ सालमा स्थापना भएको हो  नेपाल सरकारको  बर्तमान संघीय संरचना अनुसार २०७५ श्राबण महिनाबाट राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र मातहत रहने गरी यस फार्मको पुरानो नाम केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्रमा परिवर्तन गरी तरकारी बाली विकास केन्द्र नामाकरण भइ आ.ब २०७५/७६ बाट कार्यक्रमहरु सन्चालन भइरहेका छन। यस केन्द्रसंग बर्तमान अबस्थामा ३४.५ रोपनी जग्गा रहेको छ  जसमध्ये १४.५ रोपनी जग्गमा वीउ तथा बेर्ना उत्पादनका कार्यहरु हुदै आइरहेको छ।

**बर्तमान संरचना अनुसार यस फार्मलाइ सघीय फार्मको रुपमा तरकारी क्षेत्रको देहायका कार्यहरु गर्नेगरी कार्य विवरण प्रस्ताव गरिएको छ।**




फार्मको ले–आउट

| | Plot | Size | Plot type |
|---|---|---|---|
| Update | Plot 12 | 243 | Open |
| Update | Plot 13 | 265 | Open |
| Update | Plot 14 | 976 | Open |
| Update | Plot 15 a | 532 | Open |
| Update | plot 15 B | 396 | Open |
| Update | Plot 16 | 517 | Open |
| Update | plot 17 | 468 | Open |
| Update | Plot 18 | 397 | Open |
| Update | Plot 19 | 432 | Open |
| Update | Plot 20 | 52 | Open |
| Update | Plot 21 | 360 | Open |
| Update | Plot 22 | 99 | Open |
| Update | Plot 23 | 201 | Open |
| Update | plot 24 | 104 | Open |
| Update | seed processing unit | | Open |
| | | 9859 | |


फार्ममा भएका विभिन्न प्लटको क्षेत्रफल

- तरकारी बालीको जातीय संरक्षण एवं सम्वर्द्धन।
- तरकारी बालीको विकास सम्वन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमामा केन्द्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रलाइ पृष्टपोषण सम्वन्धी कार्य।
- तरकारी बालीको बीउ तथा बेर्ना उत्पादन तथा वितरण।
- तरकारी बाली उत्पादन तथा विकास सम्वन्धमा उत्पादक कृषकलाइ तालिम प्रदान गर्ने।
- सम्वन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने।
- तरकारी बालीको विकास सम्वन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसंग समन्वय एवं सहकार्य गर्ने।
- फार्मको उत्पादकत्व एवं आम्दानी वृध्दि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने।
- सम्वन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action Oriented) अध्ययन परीक्षण संचालन गर्ने।
- तरकारी बालीको विकास सम्वन्धमा राष्ट्रिय श्रोतकेन्द्रको रुपमा कार्य गर्ने।
- शहर केन्द्रित तरकारी उत्पादनको प्रविधि प्रदर्शन गर्ने
- नेपाल सरकारले तोकेको तरकारी विकास संबन्धि अन्य कार्यहरु।










नेपाल सरकारको युरोपियन युनियनको  फन्ड अन्तर्गत आ.ब. २०७५/७६ मा प्राङ्गारिक तरकारी खेती प्रविधि प्रदर्शन अन्तर्गत यस केन्द्रको नाममा राष्ट्रिय आलु , तरकारी तथा मसलावाली विकास केन्द्र मार्फत  यस आ.व.को द्धितिय र तृतिय चौमासिकमा देहायका कार्यक्रमहरु  प्राप्त भएको थियो

१.  प्राङ्गारिक तरकारी खेती प्रविधि प्रदर्शन (२२५२२) - लक्ष्य ३ - बजेट रु १८ लाख

२.  मसलन्द खर्च (२२३११)- पटक २- रु ५० हजार

३.  विविध खर्च (२२७११) पटक २- रु ५० हजार

**यस फार्ममा आ.ब. २०७५/७६ मा प्राङ्गारिक तरकारी खेती प्रविधि प्रदर्शन कार्यक्रम सन्चालनको लागि माथिका कार्यक्रमहरुको विस्तृतिकरण निम्नानुसार गरिएको थियो**

**क. Input तयारी र प्रदर्शन**

१. वेष्ट डिकम्पोजर तयारी तथा प्रयोग

२. तयार गरीएको भर्मी वेडमा गड्यौला थाप तथा soil microbes inoculate गर्ने

३. वानस्पतिक विषादी तयारी तथा प्रयोग

४. कम्पोष्ट बनाउने

५. झोलमल तयारी तथा प्रयोग

६. विभिन्न पासोहरुको प्रयोग प्रदर्शन

**ख. संरचना निर्माण तथा प्रदर्शन**

१. प्रदर्शनका लागि आबश्यक सामाग्री

२. फलामको पाइपको प्लाष्टिक घर निर्माण गरी Aquaponics प्रविधि प्रदर्शन

३. Tricoderma उत्पादन तथा परिक्षण

४. बजारमा पाइने तथा फार्म वा बनाइने वानस्पतिक वा जैविक बिषादी अध्ययन परिक्षण

५. Tricoderma उत्पादनका लागि ज्यामी तथा दक्ष कामदार ब्यवस्थापन

**ग. अन्य**

१. प्रचार–प्रसार

२. कृषकलाइ अबलोकन तथा जानकारी दिने

३. अग्रिम योजना तयारी, लाभ लागत तथा प्रतिवेदन

४. प्रतिवेदन तयारी

५. अन्य आबश्यक सामाग्री ब्यवस्थापन

**घ. उपभोग खर्च**

१. कार्यालय मसलन्द सामान

२. उपभोग खर्च

माथि उल्लेखित कार्यहरुलाइ सन्चालन गर्न यस फार्ममा प्राङ्गारिक पद्तिमा सहयोग पुग्ने गरी यस फार्मको ३९० बर्ग मीटर क्षेत्रफलमा अलग्गै प्राङ्गारिक तरकारी उत्पादन नमुना प्रदर्शन नमुना प्लटको स्थापना गरी प्राङ्गारीक मल, जैविक बिषादी, प्लाष्टिक मल्च र कीरा नछिर्ने जालीको प्रयोग गरी विभिन्न तरकारी उत्पादन प्रदर्शनका कार्यक्रमहरु सन्चालन भइरहेका छन् । यस फार्ममा यस आ.ब. वाट प्राङ्गारिक तरकारीको उत्पादनका लागि माछामा आधारित प्रविधि, गड्यौली मलमा आधारित प्रविधि जस्ता नविनतम प्रविधिहरुको प्रदर्शन कार्यक्रम सन्चालन भइरहेको छ ।

# कार्यक्रम कार्यान्वयन अबस्था

## १. वेष्ट डिकम्पोजर तयारी तथा प्रयोग

यस कार्यक्रम अन्तर्गत भारतको गाजियाबादमा विकास भएको वेष्ट डिकम्पोजरको मदर कल्चर ल्याएर ३०० लिटरको ४ वटा हिल्टेक ट्याङ्कीमा वेष्ट डिकम्पोजर बनाइ यस फार्मका विभिन्न तरकारी बालीमा १ भाग झोलमा १० लिटर पानी मिसाइ प्रयोग भइरहेको ।

## २. तयार गरीएको भर्मी वेडमा गड्यौला थप



**भर्मी कम्पोष्ट उत्पादन स्थल**



**भर्मि वेड**

यस फार्मलाइ आबश्यक पर्ने गड्यौली मल उत्पादन तथा वढी भएको गड्यौली मल विक्री समेत गर्ने लक्ष्यका साथ किर्तीपुर वागाबानी केन्द्रबाट थप ४ के.जि *Eisenia foetida* जातको गड्यौला थपी भर्मी कम्पोष्ट उत्पादनको काम भइरहेको छ ।




वेष्ट डिकम्पोजर तयारी



प्रयोग गर्न तयरी अबस्थाको वेष्ट डिकम्पोजर




वेष्ट डिकम्पोजर मदर कल्चर

## ३. वानस्पतिक विषादी तयारी तथा प्रयोग




बानस्पतिक विषादी

स्थानिय स्तरमा उपलब्ध तीतो,पिरो तथा टर्रो गन्ध आउने बनस्पति तथा गाइबस्तुको पिसाबको प्रयोग गरी प्लाष्टिकका ड्रममा विभिन्न प्रकारका बानस्पतिक विषादी तयारी तथा प्रयोगका कार्यहरु भइरहेको छ ।

## ४. कम्पोष्ट तयारी

फार्ममा आबश्यक कम्पोष्ट मलको गुणस्तर सुधार  गरेन बाहिरवाट किनेर ल्याएको कम्पोष्ट मललाइ सिमेन्टको ब्यबस्थित खाडल निर्माण गरी कम्पोष्ट मल बनाउने कार्य सन्चालन भइरहेको छ ।



गुणस्तरीय कम्पोष्ट तयारीको लागि सिमेन्टेड कम्पोष्ट खाडल

## ५. झोलमल तयारी  र प्रयोग



झोलमलका लागि प्लाष्टिकको भाँडो



तयरी झोलमल

विरुवालाइ आबश्यक खाद्यतत्वको केही मात्रामा भएपनि परिपूर्ती गर्न गाइ बस्तुको पिसावमा आधारित झोलमल प्लाष्टिकको ड्रममा  बनाइ तरकारी बालीमा प्रयोगको कार्यहरु भइरहेको छ ।

## ६. विभिन्न पासोहरुको प्रयोग प्रदर्शन

यस अन्तर्गत विरुवामा लाग्ने कीराको प्रकोप नियन्त्रणका लागि निम्नानुसर कीरा लक्षित पासोहरुको प्रयोग प्रदर्शन भएको

| पासोको नाम | लक्षित कीरा |
|---|---|
| पहेलो स्टीकि पासो | सेतो झिगा लगायतका चुसाहा कीरा |
| टुटा ट्रयाप | गोलभेडाको टुटा कीराको लागि |
| क्यूल्युर | लहरे तरकारी समुहका फल कुहाउने औसाको लागि |
| हेली ल्युर | गोलभेडाको फलको गवारोको लागि |
| लाइट ट्रयाप | विभिन्न पुतलीका बयस्क नियन्त्रणको लागि |
| कम्पोजिट ल्युर | लहरे तरकारीको फल कुहाउने औसा कीरा नियन्त्रणको लागि |



विभिन्न पासोहरु




गोलभेडामा पासोको प्रयोग





## ७. फलामको प्लाष्टिक घर निर्माण गरी Aquaponics प्रविधि प्रदर्शन







माछामा आधारित स्वस्थकर सागपात उत्पादन प्रविधि प्रदर्शन

प्राङ्गारिक सागपात तरकारी बाली उत्पादनको लागि यस केन्द्रमा ३५ बर्ग मीटर क्षेत्रफलमा ६२५ विरुवा संख्या हुने गरी मोवायल एप वाट पम्प तथा लाइट नियन्त्रण सहितको माछामा आधारित तरकारी उत्पादन प्रविधि प्रदर्शन कार्यक्रम सन्चालनमा आइरहेको छ ।

## ८. ट्राइकोडर्मा उत्पादनका लागि सामाग्री ब्यवस्थापन

यस फार्ममा ढुसीजन्य जैविक विषादी उत्पादन होस् भन्ने उद्देश्यका लागि उक्त उत्पादनका लागि आबश्यक पर्ने ल्याव उपकरणहरुको खरिद कार्य भएको ।

## ९. प्रचार प्रसार



प्रविधि सिकाइ स्थल



लेवलिङ्ग सहितको जानकारी





यस अन्तर्गत विभिन्न बालीको बारेमा जानकारी सहितको लेबल तयारी, प्राङ्गारिक प्रविधि जानकारी दिन नमुना प्लट ब्यवस्थापन, फार्मको विस्तृत जानकारी समेटिएको ब्रोसर तयारी तथा प्राविधिक मार्फत तोकिएको शुल्क लिइ जानकारीका कार्यक्रमहरु सन्चालन भएका छन् ।

## १०. कृषकलाइ अबलोकन तथा जानकारी दिने









वेभ

अन्तर्कृया




फेसवुक

यसमा कृषक स्तरमा प्राङ्गारिक पद्दतिमा आधारित नमुना करेसावारी स्थापनाको मोडल वारे जानकारी तथा यस केन्द्रले स्वस्थकर तरकारी खेती उत्पादन गर्न अबलम्वन गरेका प्रविधिवारे कृषकलाइ अबलोकन गराउने कार्य समावेश गरिएको छ । यसका साथ साथै यस केन्द्रको फेसवुक तथा वेभ पेज मार्फत विभिन्न जानकारीहरु समेत प्रदान गरिएको छ ।

## ११. स्वस्थकर तरकारी उत्पादन प्रविधिको प्रदर्शन

यस अन्तर्गत केन्द्रमा माटो विनाको तरकारी खेती, पानीमा आधारित र भर्मि कम्पोष्टमा आधारित तरकारी खेती प्रविधि प्रदर्शनका कार्यहरु संचालन भइरहेको ।




















SMART तरकारी खेतीको शुरुवात
OFF
Aquaponics Light
ON
Aquaponics Motor
OFF
Heater
Smart Device
OFF
OFF
ON
ON
Misting
Water Pu...
Outlet Fan
Inlet Fan




OFF
Hydroponics Motor
OFF
Nursery Heater
Nursery Smart Dev...
OFF
OFF
OFF
OFF
Misting
Water Pu...
Outlet Fan
Inlet Fan
OFF
Vermiponic System
Vermiponics Based
Organic Vegetable Production
प्रांगारिक खेतीका लागि गड्यौली मलमा आधारित प्रणाली, तरकारी बाली विकास केन्द्र




प्रांगारिक खेतीका लागि सोलारवाट सन्चालन हुने माछामा आधारित प्रणाली, तरकारी बाली विकास केन्द्र




माटो विनाको खेतीका मोडलहरु
Soilless Farming Models
त.बा.वि.केन्द्र,खुमलटार,ललितपुर














**तरकारी बाली विकास केन्द्र**

खुमलटार, ललितपुर

फोन : ०१-५५२३१४१

वेभ : vcdc.gov.np

फेसबुक : https://www.facebook.com/vcdcnepal

मोबाइल एप : vcdc nepal